# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, साउन ११ गते, २०८० साल

## भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### संवत् २०८० सालको ऐन नं. ६

# काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको शिक्षा ऐन, २०८०

**प्रस्तावना :** काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, काठमाडौँ महानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ (पहिलो संशोधन) ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा २ मा संशोधन**: काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ मा संशोधन :-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ : "(ख) **"अभिभावक"** भन्नाले बिद्यालयमा अध्ययनरत बिद्यार्थीको अभिभावक भनी बिद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले दफा २७ को प्रयोजनको लागि बिद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका बिद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।"

(२) खण्ड (च)को सट्टा देहायको खण्ड (च) राखिएको छ : "(च) **"आयोग"** भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनुपर्छ ।"

(३) खण्ड (ढ)को सट्टा देहायको खण्ड (ढ) राखिएको छः "(ढ) **"माध्यमिक विद्यालय"** भन्नाले खण्ड (घ) र (ण) बमोजिमको शिक्षा दिने विद्यालय सम्झनु पर्दछ ।"

(४) खण्ड (थ) पछि देहायबमोजिमको खण्ड (थ१) थपिएको छ : "(थ१) **"विषयगत समिति"** भन्नाले कार्यपालिकाअन्तर्गतको शिक्षा तथा स्वास्थ्य समिति सम्झनु पर्दछ ।"

(५) खण्ड (र)को सट्टा देहायको खण्ड (र) राखिएको छः "(र) **"शिक्षा समिति"** भन्नाले दफा १२ बमोजिमको शिक्षा समिति सम्झनुपर्छ ।"

३. **<u>मूल ऐनको दफा ४ मा संशोधन</u>** : मूल ऐनको दफा ४ को उपदफा (१०) पछि देहायका उपदफाहरू (११) र (१२) थपिएको छः-

(१) "(११) कक्षा ११ र १२ का शैक्षिक कार्यक्रम मात्र सञ्चालन गरिरहेका शिक्षण संस्थाले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र कक्षा १० सम्मका शैक्षिक कार्यक्रम समेत सञ्चालन गर्नुपर्नेछ ।"

(२) "(१२) उपदफा (११) बमोजिमका शिक्षण संस्थाले तल्ला तहका नयाँ कक्षा सञ्चालन गर्न निजी वा सार्वजनिक गुठीका रूपमा दर्ता भई कक्षा एकबाट नै शुरु गर्नुपर्नेछ वा कम्पनी वा गुठीसँग एकीकरण (मर्ज) भइ एकै नामबाट सञ्चालन हुनुपर्नेछ ।"

४. **<u>मूल ऐनको दफा ९ को उपदफा (२) को खण्ड (ग) मा संशोधन</u>** : मूल ऐनको दफा ९ को उपदफा (२) को खण्ड (ग) सट्टा देहाय बमोजिम संशोधन गरिएको छः-

(१) "(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।"

५. **<u>मूल ऐनको दफा १२ को उपदफा (१) को खण्ड (च), (छ), (ज) र (झ) मा संशोधन</u>** : मूल ऐनको दफा १२ को उपदफा (१) को खण्ड (च), (छ), (ज) र (झ) सट्टा देहायबमोजिमको संशोधन गरिएको छः-

(१) "(च) सामुदायिक बिद्यालयका प्रधानाध्यापकहरू मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी शिक्षा अधिकारीको सिफारिसमा

प्रमुखले तोकेको कम्तीमा एक जना महिलासमेत पर्ने गरी बढीमा दुई जना-सदस्य”

(२) “(छ) संस्थागत विद्यालयहरूको प्रतिनिधिमूलक संस्था मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी शिक्षा अधिकारीको सिफारिसमा प्रमुखले तोकेको प्रतिनिधि एक जना - सदस्य”

(३) “(ज) महानगरपालिका भित्रका अभिभावक संघका तर्फबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने प्रमुखले तोकेको प्रतिनिधि एक जना - सदस्य”

(४) “(झ) गुठी, सहकारी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी प्रमुखले तोकेको प्रतिनिधि एक जना - सदस्य”

६. **मूल ऐनको दफा १२ को उपदफा (२) को (१) मा संशोधन** : मूल ऐनको दफा १२ को उपदफा (२) को सट्टा देहायबमोजिमको उपदफा (२) राखिएको छः-

(१) “(२) महानगर शिक्षा समितिले तोकिएबमोजिमको जिम्मेवारी पूरा गर्न नसकेमा कार्यपालिकाले समितिलाई पुनर्गठन गर्न सक्नेछ ।”

७. **मूल ऐनको दफा १२ को उपदफा (२) को (२) मा संशोधन** : मूल ऐनको दफा १२ को उपदफा (२) को (२) को सट्टा देहाय बमोजिमको उपदफा (३) राखिएको छः-

(१) “(३) शिक्षा समितिको बैठक प्रत्येक चार महिनामा कम्तीमा एक पटक बस्नेछ ।”

८. **मूल ऐनको दफा १२ को उपदफा (२) को (३) मा संशोधन** : मूल ऐनको दफा १२ को उपदफा (२) को (३) को सट्टा देहाय बमोजिमको उपदफा (४) राखिएको छः-

(१) "(४) शिक्षा समितिको बैठक भत्ता कार्यापालिका सरह हुनेछ ।"

९. **<u>मूल ऐनको दफा १२ को उपदफा (२) को (४) मा संशोधन</u>** : मूल ऐनको दफा १२ को उपदफा (२) को (४) को सट्टा देहाय बमोजिमको उपदफा (५) राखिएको छः-

(१) "(५) समितिको बैठक सञ्चालनको लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।"

१०. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>** : मूल ऐनको दफा १३ को खण्ड (म) पछि खण्ड (य) र खण्ड (र) थपिएको छः-

(१) "(य) बिद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन गर्ने, स्वामित्व परिवर्तन गर्ने ।"

(२) "(र) स्रोत केन्द्र व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।"

११. **<u>मूल ऐनको दफा १७ मा संशोधन</u>** : मूल ऐनको दफा १७ को खण्ड (ज) पछि खण्ड (ज१) र (ज२) थपिएको छः-

(१) "(ज१) कक्षा आठका परीक्षार्थीको नाम, थर, जन्म मिति सच्याउने"

(२) "(ज२) शैक्षिक मेला, प्रदर्शनी, समारोह लगायतका शैक्षिक कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने"

१२. **<u>मूल ऐनको दफा २७ को उपदफा (१) मा संशोधन</u>** : मूल ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः-

(१) "(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - अध्यक्ष"

(२) "(ख) अभिभावक/स्थानीय शिक्षाप्रेमी/दलित/जनजाति/आदिवासी/अल्पसंख्यक/चन्दादाता समेतले आफूहरू मध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित चार जना - सदस्य"

(३) "खण्ड (ग) हटाइएको छ ।"

१३. **<u>मूल ऐनको दफा २७ को उपदफा (६) मा संशोधन</u>** : मूल ऐनको दफा २७ को उपदफा (६) को सट्टा देहायबमोजिमको उपदफा (६) संशोधन गरिएको छः-

(१) "(६) अध्यक्षको अनुपस्थितिमा सो समितिको ज्येष्ठ सदस्यले सो समितिको अध्यक्षता गर्नेछ ।"

१४. **<u>मूल ऐनको दफा २७ को उपदफा (१०) मा संशोधन</u>** : मूल ऐनको दफा २७ को उपदफा (१०) को सट्टा देहायबमोजिमको उपदफा (१०) संशोधन गरिएको छः-

(१) "(१०) उपदफा (१) र (९) बमोजिम छानिएका सदस्यको पदावधि ३ वर्षको हुनेछ। तर यो दफा प्रारम्भ भए पश्चात हाल कायम रहेका विद्यालय व्यवस्थापन समिति स्वतः विघटन हुनेछ ।"

१५. **<u>मूल ऐनको दफा २७ को उपदफा (१२) मा संशोधन</u>** : मूल ऐनको दफा २७ को उपदफा (१२) को सट्टा देहायबमोजिमको उपदफा (१२) संशोधन गरिएको छः-

(१) "(१२) विद्यालय व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले स्वीकृत गर्नेछ ।"

१६. **<u>मूल ऐनको दफा २७ मा संशोधन</u>** : मूल ऐनको दफा २७ को उपदफा (१४) पछि देहायबमोजिमको उपदफा (१५) थपिएको छः-

(१) "(१५) सार्वजनिक शैक्षिक गुठीबाट संचालित विद्यालयका हकमा महानगरपालिकाले छुट्टै कानुन बनाएर व्यवस्थापन गर्न सक्नेछ ।"

१७. **<u>मूल ऐनको दफा २९ पछि दफा २९क थपिएको</u>** : मूल ऐनको दफा २९ पछि देहायबमोजिमको दफा २९क थपिएको छः-

(१) "२९क. **<u>प्रधानाध्यापकसम्बन्धी व्यवस्था</u>** : (१) महानगरपालिकाले सामुदायिक विद्यालयमा प्रधानाध्यापकको नियुक्ति प्रतिस्पर्धाको माध्यमबाट गर्नेछ ।

(२) उपदफदा (१) बमोजिम प्रधानाध्यापकको छनोट गर्न कार्यपालिकाले आवश्यक कार्यविधि जारी गर्नेछ ।"

१८. **<u>मूल ऐनको दफा ३१ मा संशोधन</u>** : मूल ऐनको दफा ३१ को सट्टा देहायबमोजिमको दफा ३१ संशोधन गरिएको छः-

(१) "३१. दफा ३० बमोजिमको कोष व्यवस्थापन गर्न एक कोष सञ्चालक समिति रहनेछ र समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ"

१९. **<u>मूल ऐनको दफा ३९ मा संशोधन</u>** : मूल ऐनको दफा ३९ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) थपिएको छः-

(१) "(३) विद्यालयमा कुनै पनि राजनीतिक गतिविधि हुन दिइने छैन ।"

२०. **<u>मूल ऐनको दफा ४० को उपदफा (११) मा संशोधन</u>** : मूल ऐनको दफा ४० को उपदफा (११) को सट्टा देहायबमोजिमको उपदफा (११) संशोधन गरिएको छः-

(१) "(११) यस ऐन विपरित शुल्क लिने तथा छात्रवृत्ति वितरण नगर्ने विद्यालयलाई तोकिएको अधिकारीले एकलाख पच्चिस हजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ ।"

२१. **<u>मूल ऐनको दफा ४१ को खण्ड (ख) मा संशोधन</u>** : मूल ऐनको दफा ४१ को खण्ड (ख) को सट्टा देहायबमोजिमको खण्ड (ख) संशोधन गरिएको छः-

(१) "(ख) विना सूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालय अनुपस्थित रहेमा,"

२२. **मूल ऐनको दफा ४१ मा संशोधन** : मूल ऐनको दफा ४१ को खण्ड (च) पछि देहायबमोजिमको खण्ड (छ), (ज) र (झ) थपिएको छः-

(१) "(छ) आवासीय अनुमतिपत्र लिएमा वा लिनका लागि प्रक्रिया शुरु गरेमा,"

(२) "(ज) शिक्षक वा कर्मचारी राजनैतिक दलको सदस्य भएमा,"

(३) "(झ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा कामकाज गरेमा वा अन्यत्र कुनै व्यावसायिक क्रियाकलाप गरेमा ।"

२३. **मूल ऐनको दफा ४७ मा संशोधन** : मूल ऐनको दफा ४७ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) थपिएको छः-

(१) "(३) महानगरपालिकाभित्रका सामुदायिक विद्यालयमा दरबन्दी रिक्त भई विषय मिल्ने भएमा विषयगत समितिको सिफारिसमा मात्र शिक्षक सरुवा भइ आउन सक्नेछ ।"

२४. **मूल ऐनको दफा ५६ को उपदफा (४) मा संशोधन** : मूल ऐनको दफा ५६ को उपदफा (४) को खण्ड (ङ) पछि देहायबमोजिमको खण्ड (च) र (छ) थपिएको छः-

(१) "(च) संस्थागत विद्यालयले ऐनविपरीत शुल्क लिएमा वा छात्रबृत्ति उपलब्ध नगराएमा कसुरको मात्रा हेरी रु दश हजारदेखि रु. एक लाख सम्म जरिवाना गर्ने ।"

(२) "(छ) महानगरपालिकाको पूर्वस्वीकृति नलिई विद्यालय शिक्षाका कार्यक्रमलाई मध्यनजर राखी शैक्षिक मेला आयोजना गरेमा वा विद्यार्थी भर्ना वा रजिष्ट्रेशन गराएमा वा छात्रवृत्ति वितरण गरेमा वा

स्वीकृत पाठ्यपुस्तकबाहेक अन्य पाठ्यपुस्तक अध्यापन गराएमा कसुरको मात्रा हेरी रु दश हजारदेखि रु एकलाख सम्म जरिवाना गर्ने ।"

२५. **मूल ऐनको दफा ५६ पछि दफा ५६क थपिएको** : मूल ऐनको दफा ५६ पछि देहायबमोजिमको दफा ५६क थपिएको छः-

(१) "५६क. **सजाय गर्ने अधिकारी** :(१) दफा ५६ मा उल्लिखित आर्थिक दण्ड दिने अधिकारी शिक्षा अधिकारीको सिफारिसमा विषयगत समिति हुनेछ भने उपदफा (४) को खण्ड (घ) र (ङ) का लागि शिक्षा समिति हुनेछ ।

(२) कैद दण्ड हुने विषयमा शिक्षा अधिकारीले जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्नुपर्नेछ ।"

२६. **मूल ऐनको दफा ५७ पछि दफा ५७ क थपिएको** : मूल ऐनको दफा ५७ पछि देहायबमोजिमको दफा ५७ क थपिएको छः-

(१) "५७ क. **विनियम बनाउनुपर्ने** : (१) महानगरपालिकाको पूर्वस्वीकृति लिइ संस्थागत विद्यालयले विद्यालय कर्मचारीको सेवा, सर्त, सुविधा र विद्यालय सञ्चालन प्रक्रियाका बारेमा आवश्यक विनियम तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम कानुन विभागसँग समन्वय गरी शिक्षा विभागले सहमति/पूर्वस्वीकृति दिनेछ ।"

२७. **मूल ऐनको दफा ५७ पछि दफा ५७ ख थपिएको** : मूल ऐनको दफा ५७ पछि देहायबमोजिमको दफा ५७ ख थपिएको छः-

(१) "५७ख. **कार्यविधि बनाउन सक्ने** : यस ऐनका आधारमा कार्यपालिकाले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।"

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम काठमाडौं महानगरपालिका नगर सभाको तेह्रौं अधिवेशनबाट स्वीकृत काठमाडौं

महानगरपालिका शिक्षा ऐन (पहिलो संशोधन) विधेयक, २०८० प्रमाणीकरण गरिएको छ ।

प्रमाणीकरण मिति : २०८०/०४/११

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**